# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।११।२६ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड, प्रधान कार्यालय, नेपालगञ्जमा सहायक अधिकृत पदमा कार्यरत पुष्पा दुरा समेतले सेवा प्रवेश तथा बढुवाका लागि नक्कली शैक्षिक प्रमाण-पत्र भारतबाट ल्याई पेश गरी सुविधा लिएकोले निज समेतको प्रमाण-पत्र छानबिन गरी कारबाही गरीपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज सहायक अधिकृत पुष्पा दुराले डा. राममनोहर लोहिया अवध विश्वविद्यालय, फैजावाद (उ.प्र.) अन्तर्गतको जवाहरलाल नेहरु पी.जी. कलेज बाराबंकी, भारतबाट प्राप्त गरेको स्नातक(बी.ए.) तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सहायक अधिकृत पदमा बढुवा समेत भई सरकारी लाभ सुविधा लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा(१) बमोजिमको कसूर भएको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता